# संघीय संसद
# प्रतिनिधि सभा
## दशौं अधिवेशन
## भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी

(१) संघीय संसद प्रतिनिधि सभाको दशौं अधिवेशनको पहिलो बैठक २०७८ साल मंसिर २८ गते मंगलबार प्रारम्भ भई २०७८ साल चैत १ गते मंगलबारसम्म जम्मा ९२ दिन चालु रह्यो । जसमध्ये १९ दिनमा ११ पटक बैठक बसी जम्मा ७ घण्टा ५० मिनेट ससंदीय काम कारवाहीमा व्यतित भयो । अधिवेशन अवधिभरका बैठकहरुमा प्रमुख प्रतिपक्ष नेकपा (एमाले)को अवरोध कायम रह्यो ।

(२) सभाको मिति २०७८ मंसिर २८ गते बसेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि सात जना मा० सदस्यहरुको नाम मनोनयन गरिएको थियो ।

(३) सभाको पहिलो बैठकमा पेश भएका अध्यादेशहरु मध्ये मिति २०७८ पुस ६ गतेको बैठकबाट “यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८” र “फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८” र मिति २०७८ पुस ७ गतेको बैठकबाट “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८”, “तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८”, “सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८” र “रेल्वे अध्यादेश, २०७८” स्वीकृत भएका थिए ।

(४) प्रतिनिधि सभाको चालू अधिवेशनमा कुनैपनि नयाँ विधेयक दर्ता भएको छैन भने यस अधिवेशनमा सभाका अघिल्ला अधिवेशनहरुबाट विभिन्न चरणमा रहेका जम्मा ४२ वटा विधेयकहरु प्राप्त भएका थिए जसमध्ये प्रतिनिधि सभाको मिति २०७८ फागुन ८ गतेको बैठकमा “लोक सेवा आयोग विधेयक, २०७५” का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल भएको थियो ।

(५) त्यसैगरी २०७८ फागुन ८ गते प्रस्तुत भएको “नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता (मिलेनियम च्यालेन्ज कम्प्याक्ट)” फागुन १५ गते सभाको बैठकमा व्याख्यात्मक घोषणा सहित बहुमतबाट अनुमोदन भएको थियो ।

(६) २०७८ फागुन २२ नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम ११ सदस्यीय महाभियोग सिफारिस समिति गठन भयो ।

(७) यस अधिवेशनमा “सार्वजनिक लेखा समितिको एक्काइसौं वार्षिक प्रतिवेदन, २०७८”, “थारु आयोगको तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८”, “आदिवासी जनजाति आयोगको प्रतिवेदन आ.व. २०७७/०७८” “राष्ट्रिय समावेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८”, “महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७७/०७८” र “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७७/७८” पेश गर्ने कार्य सम्पन्न भयो ।

(८) मिति २०७८ फागुन २९ गते नेपालको संविधानको धारा १०१ को उपधारा (२) एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (१) बमोजिम मा० श्री देव प्रसाद गुरुङ्ग, मा० श्री पुष्पा भुसाल (गौतम) र मा० श्री जीवन राम श्रेष्ठ प्रस्तावक र ९५ जना मा० सदस्यहरु समर्थक भई प्रधान न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा. विरुद्ध दर्ता भएको महाभियोगको प्रस्ताव सोही नियमावलीको नियम १६१ को उपनियम (५) बमोजिम प्रस्तावक सदस्य मा० श्री देवप्रसाद गुरुङ्गले सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(९) मिति २०७८ फागुन २२ गतेको सभाको बैठकमा जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा संघीय संसद, प्रतिनिधि सभा सदस्य मोहन बानियां मिति २०७८ फागुन १६ गतेदेखि प्रहरी हिरासतमा राखी अनुसन्धान भईरहेको भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय (अपराध अनुसन्धान शाखा), नेपालगञ्ज, बाँकेबाट प्राप्त पत्रको जानकारी सभालाई गराइएको थियो ।

(१०) चालू अधिवेशनमा संविधान सभा सदस्यहरु जगतबहादुर ताजपुरिया र डा० दुमनसिंह थापा एवं राष्ट्रिय सभा सदस्य लक्ष्मीदास मानन्धरको निधन भएकोमा शोक प्रस्तावहरु पारित भएका छन् ।